# जोरायल राजपत्र


जोरायल गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १० संख्या २ मिति २०८३ असार ११ गते


## भाग १

### जोरायल गाउँपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (३) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ;

# जोरायल गाउँपालिकाको विनियोजन ऐन, २०८३

जोरायल गाउँपालिका

# जोरायल गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

सभाबाट स्वीकृत भएको मितिः २०८३/०३/११

**प्रस्तावनाः**

जोरायल गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम जोरायल गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “जोरायल गाउँपालिकाको विनियोजन विधेयक, २०८३” रहेको छ ।

(२) यो ऐन २०८३ श्रावण १ गतेदेखी प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त जोरायल गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा

र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.६४,४१,७०,०००।०** (अक्षेरुपी चौसठ्ठी करोड एकचालिस लाख सत्तरी हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त जोरायल गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक

वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । कुनै शीर्षक/कार्यक्रम आवश्यक नदेखिएको खण्डमा गाउँ सभाले सो शीर्षक वा कार्यक्रमलाई हटाई नयाँ कार्यक्रम थप गर्न सक्नेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिम सभाको अधिकार सभाले कार्यपालिकालाई प्रत्यायोजन गर्न सक्नेछ ।

जोरायल गाउँपालिका

# अनुसूची - १

## दफा २ संग सम्बन्धित

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संचित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ४१८४१५।० | १३८६७१।० | ०।० | ५५७०८६।० |
| २ | | वडा समिति | ७५८५।० | २२८५५।० | ०।० | ३०४४०।० |
| ३ | | विषयगत शाखा | ५५८९४।० | ७५०।० | ०।० | ५६६४४।० |
| जम्मा | | | ४८१८९४।० | १६२२७६।० | ०।० | ६४४१७०।० |

आज्ञाले,

गणेश दत्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत



जोरायल गाउँपालिका